जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २५५ • २०८३ असार २१ गते आईतवार • 5 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## धिरेन्द्र शास्त्रीको जन्मोत्सवमा मानवसेवा आश्रममा हनुमान आराधना तथा भण्डारा

ओम प्रकाश
जनकपुरधाम, २० असार

बागेश्वर धाम जानकी शिष्य मण्डली परिवार, जनकपुरधामको आयोजनामा आज असार २० गते (४ जुलाई) श्री श्री १०८ पण्डित धिरेन्द्र शास्त्री महाराजको शुभ जन्मोत्सवको अवसरमा धनुषाको जनकपुरधाम उपमहानगरपालिका-१२ स्थित मानवसेवा आश्रम (मानवता प्रवर्द्धन महाअभियान) मा विशेष धार्मिक कार्यक्रम सम्पन्न भएको छ।

सीता माताको नगरी जनकपुरधाममा आयोजित हनुमान आराधना एवं भण्डारा कार्यक्रममा श्रद्धालु भक्तजन, साधुसन्त तथा शिष्यहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा हनुमान पूजा, भजन-कीर्तन, धार्मिक प्रवचन तथा भण्डाराको आयोजना गरिएको थियो। कार्यक्रममा मन्तव्य व्यक्त गर्दै बागेश्वर धाम शिष्य मण्डली परिवार, जनकपुरधामका अगुवा प्रभारी राम प्रमोद महतोले गुरु परम्पराले समाजमा आध्यात्मिक



जागरण, नैतिक मूल्य र सेवाभाव लाई मजबुत बनाउने उल्लेख गरे। उनले धार्मिक कार्यक्रमहरू केवल पूजा-आराधनामा सीमित नभई मानव सेवा र सामाजिक सद्भाव अभिवृद्धिको माध्यम बन्नुपर्ने धारणा व्यक्त गरे ।

उनले भने, "गुरुजीको जन्मोत्सव लाई हामीले सेवा, समर्पण र मानव कल्याणको पर्वका रूपमा मनाएका छौँ। मानवसेवा आश्रममा कार्यक्रम आयोजना गर्नुको उद्देश्य समाजका असहाय र अभिभावकविहीन व्यक्तिप्रति जिम्मेवारीबोध जगाउनु पनि हो ।" आयोजकका अनुसार गुरुजीको जन्मदिन लाई आध्यात्मिक उत्सवका रूपमा मनाउँदै समाजमा धार्मिक सद्भाव, सेवा र मानवताको सन्देश प्रवाह गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा सहभागी भक्तजनहरूले गुरुजीको दीर्घायु, सुस्वास्थ्य तथा विश्व कल्याणको कामना गरेका थिए ।

बागेश्वर धाम शिष्य मण्डली परिवार, जनकपुर धामका अगुवा प्रभारी राम प्रमोद महतोले कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको जानकारी दिँदै आगामी दिनमा पनि यस्ता धार्मिक तथा सामाजिक सेवामूलक गतिविधिलाई निरन्तरता दिइने बताए । धिरेन्द्र शास्त्रीको जन्मोत्सवमा बागेश्वर धाम जानकी शिष्य मण्डली परिवार, जनकपुरधामको सह प्रभारी सुख दयाल साह, विरेन्द्र महतो ममता कापर, समाजिक अभियन्ता मञ्जु मंडल,मानवसेवा आश्रमका प्रतिनीधि लागायतका सहभागिता रहेका थिए ।

## स्वास्थ्य प्रबर्द्धन सम्बन्धि मिडियाकर्मिहरुका लागि सञ्चार तथा पैरवि कार्यक्रम समपन्न




जलेश्वरटुडे समाचारदाता
धनुषा, २० असार

धनुषाको ढल्केबरको कोमल होटेलमा शुक्रबार संचालित स्वास्थ्य प्रबर्द्धन सम्बन्धि मिडियाकर्मिहरुका लागि सञ्चार तथा पैरवि कार्यक्रममा स्वास्थ्य निर्देशनालयको सञ्चारकर्मीहरुसँग अन्तरक्रिया समपन्न भएको छ ।

कार्यक्रममा स्वास्थ्य निर्देशनालयको सचिव डा.प्रमोद कुमार यादवले स्वास्थ्य जनचेतना तथा धनुषा तथा महोत्तरी जिल्लामा अस्पतालको विकास तथा त्यहाँ चाहिने आवश्यक स्वास्थ्य सुविधाको पहुँच सम्बन्धी खुलेर जानकारी गराइएको थियो । सो कार्यक्रमा स्वास्थ्य मन्त्री नागेन्द्र साहले स्वास्थ्यसम्बन्धी जनचेतना फैलाउनमा सञ्चारकर्मीहरुको पनि प्रमुख भूमिका रहेकोले यसमा हातेमालो गरेर अगाडी बढन आवश्यक रहेको बताउनुभयो। साथै मिडियाकर्मीहरुलाई संघीय सरकारबाट बञ्चित गरिएका सुविधा मधेस प्रदेश सरकारबाट सहयोग गरिने आश्वासन समेत दिनुभयो । कार्यक्रममा महोत्तरी जिल्लाको पत्रकार महासंघको अध्यक्ष महेश दास,धनुषा जिल्लाको पत्रकार महासंघको अध्यक्ष पुरन गुप्ता लगायत सयौं सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

## मत्स्यपालन प्रवर्द्धनका लागि तीनदिने तालीम सुरु


दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, २० असार

स्थानीय स्तरमा व्यावसायिक मत्स्यपालनलाई प्रोत्साहन गर्दै उत्पादन, उत्पादकत्व र किसानको आयवृद्धि गर्ने उद्देश्यले तीनदिने मत्स्यपालन सम्बन्धी तालीम सुरु भएको छ ।

तालीमको उद्घाटन नगर प्रमुख मनोज कुमार साहको अध्यक्षतामा सम्पन्न भएको हो । कार्यक्रमका प्रमुख अतिथि डा. ज्ञानबहादुर जिरेल, कार्यालय प्रमुख, मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्र, ले आधुनिक प्रविधिमा आधारित मत्स्यपालनले रोजगारी सिर्जना, आयआर्जन वृद्धि



तथा स्थानीय अर्थतन्त्र सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने बताउँदै सहभागीलाई तालीमबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतार्न आग्रह गरे। अध्यक्षीय मन्तव्यमा नगर प्रमुख मनोज कुमार साहले कृषिसँगै मत्स्य क्षेत्रको व्यावसायिक विकास नगरपालिकाको प्राथमिकतामा रहेको उल्लेख गर्दै दक्ष जनशक्ति उत्पादन र आत्मनिर्भर मत्स्य व्यवसाय विस्तारका लागि यस्ता सीपमूलक तालीमलाई निरन्तरता दिइने बताए। कार्यक्रम संयोजक डा. अमर कुमार साहले तीन दिनसम्म सञ्चालन हुने तालीममा आधुनिक मत्स्यपालन प्रविधि, पोखरी व्यवस्थापन, भुरा माछा छनोट, दाना व्यवस्थापन, रोग नियन्त्रण तथा व्यवसाय व्यवस्थापन सम्बन्धी व्यावहारिक जानकारी प्रदान गरिने जानकारी दिए । तालीममा नगर क्षेत्रका मत्स्यपालनमा रुचि भएका किसान तथा उद्यमीहरूको उत्साहजनक सहभागिता रहेको आयोजकले जनाएको छ ।






जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय........................

# अर्थतन्त्रको सपना साकार गर

*आम नागरिकले अहिले पनि सरकारी सेवा लिनबाट अनावश्यक दु:ख र झन्झट बेहोर्नुपर्ने बाध्यता विद्यमान नै रहेको देखिन्छ । सरकारी अस्पतालबाट दिइने सेवा, नापी, मालपोत, यातायात व्यवस्था कार्यालय, सार्वजनिक यातायातमा देखिएको अनुशासनहीनता र बेथितिले उनीहरूले राज्य नभएको महसुस गर्नु परेको अवस्था छायसलाई हटाउन डिजिटाइजेसन सेवा सुरु गर्नुपर्छ । अनि मात्रै सेवा प्रवाहमा आधारित शासन प्रणालीबाट हामीजस्ता आम नागरिकले राहत महसुस गर्न सक्नेछ । विगतमा मुलुक 'कम्लिसेन्सी ट्र्याप'मा फसेको कारण देशभित्र न रोजगारीको वातावरण बन्यो, न त आर्थिक वृद्धि नै हुन सक्यो । जिन्दगीको भिक्षापत्र भरिए पनि इच्छापात्र नभरिने रोग राजनीतिक नेतृत्व र कर्मचारी संयन्त्रमा रहेको देखिन्छ । सोही कारण अर्थतन्त्रका सूचांकहरू अपेक्षित रूपमा सुधार हुन नसके पनि नेतृत्व वर्ग अर्थतन्त्र ठीकठाकै छ भनी त्यसैमा रमाउने परिपाटी विकास भएको हो।जसको कारण विकासको गति अघि बढ्न सकेको छैन । यही कारण लगानी, माग, कर्जा, राजस्व वृद्धि लगायतमा संकुचन आएको हो । यसले अर्थतन्त्रलाई पर्याप्त चलयामान हुन दिएको छैन । अर्थतन्त्र चलायमान हुन नसक्दा आर्थिक वृद्धि एवं रोजगारी सिर्जना थप संकुचित बन्न पुगेको देखिन्छ ।*

*वर्तमान अवस्थामा अधिकांश स्वदेशी उद्योगहरूको क्षमता उपयोग बढ्नुपर्नेमा घट्दो क्रममा रहेको छ । श्रम निर्यातबाट सेवा निर्यात गर्ने अर्थतन्त्रको रूपमा स्थापित ज्ञान अर्थतन्त्रमा रूपान्तरण गर्ने रणनीति अवलम्बन गर्न सकेमा मात्रै सबल अर्थतन्त्रको सपना साकार हुने देखिन्छ ।*

# Amnesty International Youth-५७ जनकपुरधामको अध्यक्षमा मनिष श्रीओम

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २० असार**




२०८३ साल आषाढ २० गते पूर्व निर्धारित कार्यक्रम अनुसार अन्तरास्ट्रिय संस्था Amnesty International Youth-५७ समूह, जनकपुरधामको ३५ औं साधारण सभा जनकपुरधामको Hotel Fulsum मा Amnesty International Nepal का पूर्व अध्यक्ष श्री शम्भू ठाकुरज्यूको प्रमुख आतिथ्य एवं समूहका संयोजक श्री कमल साहज्यूको अध्यक्षतामा सु-सम्पन्न भएको छ ।

सो सभामा समूहको आर्थिक र सांगाठिनिक प्रतिवेदन सर्वसम्मति द्वारा पारित गरियो । अगामी २ वर्षे कार्यकालका लागी तपशिल बमोजिम कार्यसमिति सर्वसम्मती द्वारा निर्वाचित गरियो । १. अध्यक्ष (संयोजक)- मनिष झा श्रीओमज्यू २. उपाध्यक्ष (सह-संयोजक)- श्रीमती उर्मिला यादब
३. सचिब- श्री अम्बिका प्र. कर्ण
४. कोषाध्यक्ष- श्री मुकेश ठाकुर
५. सदस्य- श्री फूल कुमारी साह
६. सदस्य- श्री कैलाश प्रसाद
७. सदस्य- श्री उदय चन्द्र यादब
८. सदस्य- श्री संजय प्रसाद साह
९. सदस्य- श्री शिवशंकर मिश्र
सल्लाहकार समिति - १. श्री कमल साह (पत्रकार) २. डाक्टर बिनय कुमार झा (सर्जन) ३. श्री रमेश कु. साह (पूर्व अध्यक्ष, ज.उ.बा. संघ) प्रदेश प्रतिनिधिमा- १. श्री कमल साह २. श्री उर्मिला यादब । यो संस्था मानव अधिकारको क्षेत्रमा विश्वको १५० भन्दा बढी देसमा १ करोड भन्दा बढी सदस्यहरु सक्रिय रहेका छन् ।

# व्यावसायिक पशुपालन प्रवर्द्धन गर्न पाँचदिने तालीम सुरु

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, २० असार**




व्यावसायिक पशुपालन प्रवर्द्धन गरी किसानको उत्पादन, उत्पादकत्व तथा आम्दानी वृद्धि गर्ने उद्देश्यले पाँचदिने पशुपन्छी पालनसम्बन्धी तालीम कार्यक्रम सुरु भएको छ ।

नगर प्रमुख मनोज कुमार साहको अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा पशु सेवा तालीम केन्द्रका कार्यालय प्रमुख डा. सुनील कुमार यादव प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए । कार्यक्रममा उनले आधुनिक प्रविधिमा आधारित पशुपालन, रोग नियन्त्रण, पोषण व्यवस्थापन तथा व्यावसायिक उत्पादन प्रणाली अपनाएमा पशुपालन क्षेत्रलाई अझ प्रभावकारी बनाउन सकिने बताए । कार्यक्रम संयोजक डा. अमर कुमार साहले तालीममार्फत सहभागीलाई पशुपन्छी पालनका व्यावहारिक तथा प्राविधिक पक्षबारे दक्ष बनाइने जानकारी दिए। तालीमले स्थानीय किसान तथा उद्यमीलाई आत्मनिर्भर र प्रतिस्पर्धी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ । कार्यक्रममा जनप्रतिनिधि, प्राविधिक, पशुपालक किसान तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। पाँच दिनसम्म सञ्चालन हुने तालीममा पशुपन्छी पालनका विभिन्न प्राविधिक विषयमा विशेषज्ञबाट प्रशिक्षण प्रदान गरिने आयोजकले जनाएको छ ।


## सूचना ! सूचना !! सूचना !!!

नहर सार्वजनिक सम्पती हो, नहरको रेखदेख गर्नु सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमीन अतिक्रमण गर्नु हुदैन । सरकारले निर्धारण गरेको नहरको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको बरखिलाफ हो ।

**अनुरोधकर्ता**
**जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय**
**जलेश्वर महोत्तरी, मधेश प्रदेश**


## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: अशुभ समाचार प्राप्त हुने
मिथून: खानपानमा समस्या आउने
कर्कट: पिछडेको साथी मिल्न
सिंह: अनावश्यक चिन्ता
कन्या: अनावश्यक खर्चको संभावना
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: लामो यात्राको योग छ
धनु: मित्रतामा फाटो आउने
मकर: आम्दानी हुने
कूम्भ: मनमा पछुतो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# मधेशमा रग्बीको उत्साह : सर्लाही प्रथम, सिरहा दोस्रो



दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, २० असार

'खेली मधेश, जिती मधेश' भन्ने मूल नारासहित मधेश खेलकुद परिषद्को आयोजनामा सिरहा जिल्लामा सम्पन्न प्रदेशस्तरीय रग्बी प्रतियोगितामा सर्लाही जिल्ला च्याम्पियन बनेको छ। रोमाञ्चक फाइनल प्रतिस्पर्धामा उत्कृष्ट प्रदर्शन गर्दै सर्लाहीले उपाधिमाथि कब्जा जमाउँदा आयोजक सिरहा जिल्ला उपविजेतामा सीमित भयो ।

प्रतियोगितामा मधेश प्रदेशका विभिन्न जिल्लाका खेलाडीहरूको उत्साहजनक सहभागिता रहेको थियो। सहभागी खेलाडीहरूले उच्च खेल भावना, अनुशासन र उत्कृष्ट प्रदर्शन प्रस्तुत गर्दै प्रतियोगितालाई प्रतिस्पर्धात्मक र आकर्षक बनाएका थिए । प्रतियोगितालाई सफलतापूर्वक सम्पन्न गराउन प्रशिक्षक, निर्णायक, प्राविधिक टोली तथा प्रदेश रग्बी संघको महत्वपूर्ण भूमिका रहेको आयोजकले जनाएको छ ।

साथै प्रतियोगिताको प्रभावकारी समाचार सम्प्रेषण गर्ने खेल पत्रकार विवेक परियार, सिरहा खेलकुद विकास समितिका अध्यक्ष श्रावण ठकुरी, प्रतियोगिताका संयोजक तथा मधेश खेलकुद परिषद्का सदस्य निशेष श्रेष्ठ, सम्पूर्ण प्रशिक्षक, निर्णायक, स्वयंसेवक तथा सहभागी खेलाडीहरूप्रति आयोजकले हार्दिक धन्यवाद तथा आभार व्यक्त गरेको छ ।

आयोजकका अनुसार यस्ता प्रतियोगिताले मधेश प्रदेशमा रग्बी खेलको विकास, नयाँ खेलाडी उत्पादन तथा खेल संस्कृतिको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरिएको छ । साथै प्रतियोगितामा सहभागी सम्पूर्ण खेलाडीहरूको उज्ज्वल भविष्यको शुभकामना व्यक्त गरिएको छ ।

# मधेस प्रज्ञा प्रतिष्ठानले मनाए ४ औं वार्षिकोत्सव

*जनकपुरधाम ।*

धनुषाको पुरन्दाहा स्थित कल्चरल भिलेजमा मधेस प्रज्ञा प्रतिष्ठानले ४औं वार्षिकोत्सव मनाएको छ । सो अवसरमा आयोजित कार्यक्रममा ८ वटै जिल्लाका दर्जनौं लेखक, साहित्यका, कलाकार, भाषाविद, नाट्कार लगायतका व्याक्तित्वहरुलाई सम्मान गरिएको छ। मधेस प्रदेशको शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहको प्रमुख आतिथ्य र प्रतिष्ठानको अध्यक्ष डा रामभरोस कापरीको अध्यक्षतामा कार्यक्रम संचालन भएको थियो । सोही कार्यक्रममा डा. वीर बहादुर महतोद्वारा लिखित किताबको बिमोचन समेत गरिएको थियो ।

### जनकपुरधामका ११ होटल र एक डेरी उद्योगमा अनुगमन पाँच व्यवसायलाई रु. १ लाख ९५ हजार जरिवाना

# सरसफाइ र खाद्य गुणस्तरमा कुनै सम्झौता हुँदैन : मन्त्री फकिरा महतो

दिपक श्रेष्ठ मण्डल
धनुषा, २० असार



मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री फकिरा महतोको अगुवाइमा शुक्रबार जनकपुरधामका ११ वटा होटल तथा एक डेरी उद्योग गरी कुल १२ व्यवसायिक प्रतिष्ठानमा संयुक्त बजार अनुगमन गरिएको छ । अनुगमनका क्रममा खाद्य सुरक्षा, सरसफाइ, म्याद गुज्रिएका सामग्रीको प्रयोग, भण्डारण तथा सेवा गुणस्तरको निरीक्षण गरिएको थियो ।

जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी तथा बजार निरीक्षक कृष्ण गैह्रे, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख विमल कुमार दाहाल लगायतको टोलीले रामा होटल, राजु होटल, वेलकम होटल, नयाँ नवरंग होटल, पुरानो नवरंग होटल, श्रीराम भोजनालय, हंसराज मिष्ठान्न भण्डार, जानकी स्टार होटल, मानकी होटल, न्यू सिटी होटल तथा हंसराज डेरी उद्योगमा अनुगमन गरेको हो ।

अनुगमनका क्रममा अत्यधिक फोहर, म्याद गुज्रिएका खाद्य सामग्रीको प्रयोग तथा खाद्य ऐनविपरीतका गतिविधि भेटिएपछि राजु होटललाई रु. ४० हजार, श्रीराम भोजनालयलाई रु. २५ हजार, हंसराज मिष्ठान्न भण्डारलाई रु. ५० हजार, नयाँ नवरंग होटललाई रु. ४० हजार तथा न्यू सिटी होटललाई रु. ४० हजार गरी कुल रु. १ लाख ९५ हजार जरिवाना गरिएको सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण गैह्रेले जानकारी दिए । अनुगमनका क्रममा रामा होटल र वेलकम होटलमा सरसफाइ तथा खाद्य व्यवस्थापन सन्तोषजनक भेटिएको टोलीले जनाएको छ। यद्यपि दुवै होटलमा प्लास्टिकको चोपिङ बोर्ड प्रयोग गरिएको पाइएकाले त्यसको सट्टा काठको चोपिङ बोर्ड प्रयोग गर्न कडा निर्देशन दिँदै चेतावनी समेत दिइएको छ ।

मन्त्री फकिरा महतोले जनकपुरधाम धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रमुख केन्द्र भएकाले यहाँ सञ्चालित होटल तथा खाद्य व्यवसायहरूलाई गुणस्तरीय, स्वच्छ र उपभोक्तामैत्री बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । उनले भने, "म सरकारमा रहुन्जेल जनकपुरधामका होटल तथा पर्यटन क्षेत्रमा देखिएका बेथिति अन्त्य गर्न, सरसफाइ र खाद्य गुणस्तर कायम गराउन निरन्तर अनुगमन र आवश्यक कारबाही जारी रहनेछ ।" मन्त्री महतोले होटल व्यवसायीलाई कानुनको पूर्ण पालना गर्दै उपभोक्तालाई सुरक्षित, स्वच्छ र गुणस्तरीय सेवा प्रदान गर्न आग्रह गरे । उनले जनकपुरधामको पर्यटन छवि सुदृढ बनाउन सरकार, व्यवसायी र सरोकारवाला सबै पक्षको साझा जिम्मेवारी रहेको उल्लेख गरे ।

अनुगमन टोलीले आगामी दिनमा पनि नियमित रूपमा बजार अनुगमनलाई निरन्तरता दिँदै उपभोक्ताको स्वास्थ्यमा खेलवाड गर्ने तथा खाद्य ऐन उल्लङ्घन गर्ने जो-कोहीमाथि कानुनबमोजिम कडा कारबाही गरिने जनाएको छ ।

बालबालिकालाई अत्यधिक गर्मीबाट कसरी सुरक्षित राख्ने




अनुरोधकर्ता
मुखियापट्टी मुसहरनिया गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# मधेसको कैलास ‘टुटेश्वर’

-देवोका देव : आराध्यदेव, महादेव। मधेसको कैलासपति : बाबा टुटेश्वरनाथ। नेपालको बाबाधाम : टुटेश्वरधाम। मधेसको कैलाश पर्वत : टुटेश्वरनाथ महादेव मन्दिर। यस्ता कयौं उपमाले चिनिन्छन् अनि पुजिन्छन्, टुटेश्वरनाथ । तर, टुटेश्वरनाथ महादेव मन्दिरको इतिहास जति शक्तिशाली छ, वर्तमान उत्तिकै कमजोर। त्रेताकालीन इतिहास बोकेको छ, टुटेश्वरनाथले ।

यद्यपि, मिथिलाकै पावन भूमिमा गुमनाम छ, शिवको क्षेत्रमै ओझेलमा परेको छ। टुटेश्वरधाम मधेस प्रदेशको महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका-५ स्थित कैलास पर्वतमा अवस्थित छ । विभिन्न तथ्यले टुटेश्वरधामको सांस्कृतिक तथा धार्मिक साइनो जनकपुरधामसँग गाँसिएको छ। अनि द्वापर युगको महाभारतकालिन इतिहासलाई पनि टुटेश्वरधामले बोकेको छ। तर, पनि गुमनाम छ। अस्तित्व रक्षाखातिर टुटेश्वरधामले सरकार गुहारिरहेको छ । भनिन्छ, ‘अरूका लागि दानी महादेव आफ्नै लागि भिखारी ।’ महाभारतको युद्धमा विजयी हाँसिल गर्न अर्जुनले मिथिलाको पावन भूमि पुगेका थिए। बृहत् ज्ञान कोषको २५औं संस्करणका अनुसार टुटेश्वरधाममा शिवले घोर तपस्या गरेका थिए। भगवान् शिवबाट उनले शक्तिका लागि त्रिशुल र जितका लागि ज्ञान प्राप्त गरेको खोजअनुसन्धानमा भेटिन्छ । चार हजार वर्षअघि नै टुटेश्वरनाथ महादेव मन्दिर अस्तित्वमा आएको मानिन्छ (बृहत ज्ञान कोष, २०६६ : पृ. ४६३) । लर्गाीटुटेश्वरनाथको वैभव विशाल अनि विराट छ। तर, त्यसले चर्चा पाउन सकेको छैन। श्रावण महिनामा लाखौं भक्तजन टुटेश्वरनाथको दरबारमा पुग्छन्, कोही १६ किलोमिटर घिस्रिंदै त कोही ४५ किलोमिटर दौडँदै। निर्मल जल काँधमा बाकेर। घण्ट बजाउँछन् । टुटेश्वरनाथ बाबाको जयकार लगाउँछन् : हर हर महादेव ! जय शम्भो !! बाबाको महिमा अपरम्पार रहेको मन्दिरका पुजारी श्रीचन दास बताउँछन्। भन्छन्, ‘टुटेश्वरनाथ महादेवको पूजापाठ गर्दा मनोकांक्षा पूरा हुने विशाल जनविश्वास छ।’ तीज, एकादशी, शिवरात्रिमा भक्तजनको भिड उस्तै हुन्छ। प्रत्येक सोमबार पनि भक्तजनको चहलपहल बाक्लै हुन्छ । गोठाले भेटाएका थिए टुटेश्वनाथलाई : गोठालाले चुरे जंगलमा शिवलिंग र नन्दी महराज (बसाहा) भेटाएका थिए। ‘गाईवस्तु चर्ने क्रममा जंगलभित्र हराए। गोठालाहरू खोज्न थाले। सोही क्रममा कैलास पर्वतमा ढुंगाको बसाहा र शिव लिंग देखे। जुन दृष्यले उनीहरूलाई अचम्मित तुल्यायो। यो घटना १९९० सालभन्दा अगाडिकै हो’, वुवाले सुनाएको घटनाक्रम बताउँदै माइस्थानका तत्कालिन गाविसअध्यक्ष धनबहादुर स्याङ्वा सुनाउँछन्, ‘त्यसपछि गाउँमा हल्लीखल्ली भयो। गाउँका ठूलावडा जंगल पुगे। उहाँहरूले ओहो ! शिवजीको लिंग रहेछ। महादेवको दर्शन प्राप्त भयो ! भनेपछि एक कान दुई कान हुँदै सबै गाउँलेले थाहा पाए। आसपासका गाउँमा समेत प्रचार-प्रसार भयो ।’ लर्गाी क्रमश: त्यहाँ आउने भक्तजनको भिड लाग्न थाल्यो। त्यसपछि मेला लाग्न थाल्यो। ‘५-७ वर्षको उमेरको जति थिएँ। मंसिरको पूर्णिमा मेलामा गाउँबाट मानिस भेला हुन्थे । गीता गाउँदै नाचगान गर्थे’, ७८ वर्षीय धनबहादुर बाल्यकाल सम्झँदै थप्छन्, ‘घनघोर जंगलभित्र रहेको शिवलिंग र बसाहा भएको ठाउँमा पुग्नै कठिन हुन्थ्यो। तर, आस्था र विश्वासले यात्रा सहज बन्थ्यो।’ उनका अनुसार १९८६–८७ तिर फडानी भएर माइस्थान, भब्सी, टुटेश्वर, खयरमारामा बस्ती विस्तार भयो। त्यो राणाकालको समय थियो। लुकीछिपी पहाडबाट राई, मगर, तमाङ जातिहरू टुटेश्वरमा झरेका थिए । २०३५ सालतिर तत्कालिन माइस्थान गाविसमा पर्ने टुटेश्वरनाथ मन्दिर संघीयता कार्यान्वयनका क्रममा खयरमारातिर पर्न गयो। त्यतिबेला त्यहाँका प्रधानपञ्च थिए, दोलतसिंह लामा। उनैले मन्दिर क्षेत्र उत्खनन गराएका थिए। बुढापाका सुनाउँछन्, ‘त्यहाँ बहुमूल्य चिजवस्तु भेटिए। तर, त्यो गाइब पारियो।’ लामा नेतृत्वमा मन्दिर बनाउने प्रयास गरियो तर सकेनन्। धनुषाका व्यवसायी हजारी साहुले २०५२ सालतिर मन्दिरको निर्माण सम्पन्न गराएका थिए । यसरी नाम रह्यो टुटेश्वर: किंवदन्ती अनुसार टुटेश्वर महादेव मन्दिरको नामकरणको प्रसंग एक किसानसँग जोडिएको छ। सामाजिक, सांस्कृतिक, विचारप्रधान र अनुसन्धानमूलक पुस्तक ‘बर्दिबास बिम्ब’का अनुसार एक बसाहाले स्थानीय किसानको बाली खाँदै गर्दा उक्त किसानले त्यसलाई लखेट्न थाले। रिसले चुर भई खुकुरी प्रहार गरे। बसाहाको कान काटियो। बसाहा भाग्दै जंगलमा अदृष्य भयो। किसान छक्क पर्दै बसाहाको रगत र पाइलाको आधारमा पछ्याउँदै जाँदा जीउभरि शित नै शित, तोरीको फूल टाँसिएको र दाहिने कान काटिएको अवस्थामा ढुंगाको रूपमा रहेको साँढेलाई देखे । ‘मैले गल्ती गरेछु’ भन्दै किसानले भगवान्सँग क्षमा मागे। उता घटनास्थलमा ढुंगाको कान फेला पर्‍यो। साँढेको कान मिलाउँदा ठ्याक्कै मिल्यो। यसरी गाउँको नाम टुटेश्वर अनि मन्दिरको नाम टुटेश्वरनाथ महादेव रहन गएको जनविश्वास छ (बर्दिबास बिम्ब, २०७६ : पृ. १३२)। ‘टुटेश्वरनाथ महादेवको मन्दिर : एक चिनारी’ पुस्तकका लेखक अम्बरबहादुर विश्वकर्माले लेखेका छन्, ‘ढुंगारूपी साँढेका कान काट्ने तामाङ जातिका मानिस थिए। उनी धनी थिए। उनको दिन-प्रतिदिन सम्पत्ति, इज्जत नास हुँदै गयो। अन्त्यमा, निसन्तान बनाएर छाडे महादेवले (पृ. ३) । लर्गाी: मन्दिर व्यवस्थापन समितिका अध्यक्ष हितबहादुर पौडेल भन्छन्, ‘यो मन्दिरलाई टुटेश्वर, त्रिकुटेश्वर, टुकेश्वर, किराँतेश्वर आदि नामले पनि चिनिन्छ।’ टुटेश्वरनाथ धार्मिक वन व्यवस्थापन कार्ययोजना २०८१ मा उल्लेख भए अनुसार सिन्धुलीगढीमा युद्ध हारेपछि फर्किएका अंग्रेजका सेनाहरू मन्दिर क्षेत्रमै बास बसेका थिए। अनौठो ढुंगाको बसाहा काठको गाडीमा लिएर भागेका थिए। जंगलमा जाँदा गाडीको धुरा भाँचियो। राति सैनिकहरूको बास घनघोर जंगलमै भयो। विहान त्यो ढुंगो नेदेखेपछि खोज्दै जाँदा पहिलेकै स्थानमा फेला परेको जनश्रुति छ। नेपाल-अंग्रेज युद्ध (वि.सं १८७१-१८७३) मा सिन्धुलीगढीमा भएको थियो । अर्को जनश्रुति यस्तो पनि छ, मधेस मानिसहरू टायर गाडामा काठ लिन चुरेको जंगल आउँथे। काठ काट्दै गर्दा कैलाशपर्वतमा ढुंगाको बसाहा देखे। लोभ लाग्यो। गाडीमा लिएर उत्तरबाट दक्षिणतिर भागे। गौशालाको खाल्टे बजारमा पुग्दा गाडीको धुरा भाँचियो। उनीहरूको पनि रातिको बास त्यही भयो। पहिलेजस्तै बिहान त्यो ढुंगो टुटेश्वरधाममै देखियो। पुजारी श्रीचन दास सुनाउँछन्, ‘मधेसको कैलाश पर्वतमा सर्प र द्रव्यको कुनै कमी छैन । यहाँ त शंकरजीकै बास हो। सर्प त शंकरजीको माला हो। कैलास पर्वमा सर्प नबसेर कहाँ बस्छ ?’ गर्विलो इतिहास, अन्धकार वर्तमान: १९९० सालको महाभूकम्पबाट टुटेश्वरनाथ महादेव मन्दिरको अलि बढी चर्चा भएको पाइन्छ। भुइँचालोले ढुंगैढुंगाको गुफामा रहेको मन्दिर भत्कियो। जहाँ पाँच-सात हात लामालामा ढुंगा थियो। बुट्टा उस्तै आकर्षक। ती ढुंगाहरू अझै पनि मन्दिर परिसरमा छन्। नेपाल होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अध्यक्ष गुञ्जबहादुर कार्कीका अनुसार टुटेश्वरनाथको साइनो महाभारतकालीन इतिहाससँग जोडिएको छ । द्वापर युगमा पाँच भाइ पाण्डव (युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव) १२ वर्ष वनबास जाँदा टुटेश्वर (मधेसको कैलास पर्वत)मा शिवजीको घोर तपस्या गरेका थिए। जहाँ शिवजीको यज्ञ गरिएको थियो। अर्जुनलाई किराँतेश्वर महादेवले दर्शन दिई पासुपतास्त्र ( त्रिशूल) दिइएको किंबदन्ती रहेको संस्कृति तथा पर्यटन प्रवर्द्धन समिति बर्दिबासका सचिव नारायण घिमिरे सुनाउँछन्। अर्जुनले त्रिशूल प्रयोग गरेर महाभारतको युद्ध जितेका थिए (बृहत ज्ञान कोष, २०६६ : पृ. ४६३)।

महाभारतको युद्धमा पाँच भाइ पाण्डव जपतप, पूजापाठ गर्न मिथिला क्षेत्रमा आएको मिथिला संस्कृतिका वरिष्ठ साहित्यकार तथा संस्कृतिविद् डा. राजेन्द्र विमल बताउँछन्। भन्छन्, ‘महाभारतको युद्ध भएको समयमा जनक वंशका क्षेमाधि मिथिलाका राजा थिए। त्यो बेला पाँच भाइ पाण्डव ज्ञान प्राप्त गर्न मिथिला क्षेत्र भ्रमणमा आएका थिए। उनीहरूले पूजापाठका लागि हिमालय क्षेत्र पनि गएका थिए। त्यहाँ दोलखास्थित भिमेश्वरमा पनि पूजा गरेका थिए।’

बृहत ज्ञान कोषको २५औं संस्करणमा टुटेश्वरनाथ महादेव मन्दिरलाई ‘नेपालको बाबाधाम’ भनेर उल्लेख गरिएको पाइन्छ। यो मन्दिर चार हजार वर्ष अगाडि अस्तित्वमा आएको मानिन्छ (२०६६, पृ. ४६३)। ऐतिहासक, धार्मिक र विभिन्न प्रमाणले टुटेश्वरनाथ महादेव मन्दिर क्षेत्र नेपालको बाबाधामको रहेको पाइन्छ। ‘दोलखाको जिरीलाई नेपालको स्वीजरल्यान्ड भनिन्छ भने नेपालको ‘बाबाधाम’ भनेर कुन ठाउँलाई चिनिन्छ ?’ लोकसेवा आयोगले वस्तुगत प्रश्नमा परीक्षार्थीले ‘टुटेश्वर’ भनेर उत्तर दिन्छन् (नेपालको भूगोलसम्बन्धी वस्तुगत प्रश्नोत्तर-५) । टुटेश्वरधामलाई किन भनिन्छ मधेसको कैलासपर्वत ? कैलास पर्वत : शिवजीको बासस्थान। नेपाली शब्दसागर शब्दकोषले कैलास



पर्वतको अर्थलाई यसरी अर्थ्याएको छ (नेपाली शब्दसागर, पृ. २९०)। समुद्री सतहभन्दा २६८ मिटर अग्लो स्थानमा टुटेश्वरनाथ महादेव मन्दिर अवस्थित छ भन्छन् सबडिभिजन वन कार्यालय टुटेश्वरका रेन्जर सुमन श्रेष्ठ। मिथिलाको पावन भूमिमा टुटेश्वरनाथ महादेव मन्दिर अवस्थित छ। जुन प्रसंग ‘श्री मिथिला माहात्म्यम्’मा वर्णित छ। पूर्व कोसीदेखि पश्चिम गण्डकीसम्म र दक्षिण गंगादेखि उत्तर हिमालयसम्मको चौसट्ठी कोषलाई मिथिला क्षेत्र भन्छिन् (मिथिला माहात्म्यम्, श्लोक : १०–१३)।

श्री मिथिला माहात्म्यम् ग्रन्थका रचयिता परासर ऋषि र उनका शिष्य मैत्रीय ऋषिबीचको संवादमा मिथिलाको धार्मिक महत्वबारे चर्चा छ। प्राध्यापक धुव राय भन्छन्, ‘मिथिला पुन्य तीर्थस्थल हो। जहाँ सबै देवीदेवता, ऋषि, महर्षि मिथिला क्षेत्रमा बस्थे। यहाँ अनेक देवीदेवालय छन्। यसै भूभागमा पवित्र तीर्थस्थल टुटेश्वरनाथ महादेव मन्दिर पर्छ ।’ त्रेताकालका मिथिलाका राजा थिए, जनक। उनको इष्टदेव भगवान् शिव रहेको बताउँछन्, संस्कृतिविद् डा. राजेन्द्र विमल। ‘जनकपुरधामको चारै कुनामा शिवका मन्दिरहरू छन्। केही चर्चामा छन् त धेरै गुमनाम नै। कुनैको ग्रन्थमा वर्णन गरिएको छ भने कुनै जनश्रुति र किंवदन्तीमै सीमित छन्’, उनी भन्छन्, ‘जनश्रुति र लोकविश्वासमा टुटेश्वरनाथ हिन्दु धर्मावलम्बीको प्राचीन मन्दिर हुन् ।’

शिव मन्दिर दुई किसिमका छन्, प्राकृतिकरूपमा उत्पन्न भएका । अर्को आस्थाका आधारमा निर्माण भएका। टुटेश्वरनाथ प्राकृतिकरूपमा देखा परेका मन्दिर हुन्। जसको इतिहास हजारौं वर्ष पुरानो छ। ६७ वर्षअघि त्रिभुवन माध्यमिक विद्यालय गौशाला महोत्तरीका शिक्षक मथुरानन्द चौधरी (माथुर)ले टुटेश्वरनाथको वर्णनमा खण्डकाव्य लेखेका थिए । नेपालका जगद्गुरु बालसन्त मोहनशरण देवाचार्य सारा नेपाल नै शिवक क्षेत्र रहेकोमा मिथिला क्षेत्र त्यसमा पनि विशेष रहेको बताउँछन्। उनी भन्छन्, ‘टुटेश्वरनाथ महादेव नेपालको उपज हो, वरदान हो। शिवालय देवालयमा जल चढाएर शिवजीको अशिर्वाद प्राप्त गर्नुपर्छ। शिव पुराणमा कुटकुटमा नेपालको वर्णन छ। त्यसैले विश्वमा नेपाल नामक देशलाई पुरी भनिन्छ।’ बृहत ज्ञान कोषको २५औं संस्करणमा टुटेश्वरनाथ महादेव मन्दिरलाई ‘नेपालको बाबाधाम’ भनेर उल्लेख गरिएको पाइन्छ। यो मन्दिर चार हजार वर्ष अगाडि अस्तित्वमा आएको मानिन्छ । अयोध्या, मथुरा, कासी, माया लगायत सातवटै पुरिभन्दा सर्वश्रेष्ठ पुरी नेपाल हो। नेपालमा मिथिलापुरी अझै धेरै महत्व रहेको महत्वपूर्ण रहेको जगद्गुरु देवाचार्य सुनाउँछन्। थप्छन्, ‘बृहत् विष्णु पुराणमा मिथिलाको व्यापक चर्चा गरिएको छ। जहाँ ब्रह्मा, विष्णु, महेश्वरकै प्रतीकात्मक भूमि जनक नन्दनी जानकीको भूमि छ।’ यसै मिथिला भूमिमा बिराजमान छन्, टुटेश्वरनाथ महादेव जो राजा जनकको इष्टदेव हुन् । टुटेश्वरनाथ महादेव मन्दिरको इतिहास रामायण सर्किटसँग जोडिएको छ। नेपाल होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अध्यक्ष गुञ्ज कार्कीका अनुसार त्रेताकालमा राम र सीताको विवाह हुने बेलामा माता गौरी र भगवान् शंकर टुटेश्वरमा बसेर दर्शन गरेका थिए। अहिले बर्दिबासको दाहालनी खोल्सी नजिकै हनुमान मन्दिर अझै अस्तित्वमा छ । नदीको सांस्कृतिक नाम नै गायब ! माण्डवी गंगाको पूर्वी किनारमा टुटेश्वरनाथ महादेव मन्दिर छ। मन्दिरको पूर्व र पश्चिममा नदीहरू छन्, माण्डवी गंगा, वरुणमति र स्वर्णमति। तर, तिनको नाम इतिहासमै सीमित भएको डण्डी बमका अभियन्ता बाबुदेव महतो सुनाउँछन्। धार्मिक ग्रन्थहरूमा यी नदीहरूका सांस्कृतिक तथा नाम उल्लेख रहेको पाइन्छ । २०३० सालमा पूर्व-पश्चिम महेन्द्र राजमार्ग विस्तर भयो। अनि नदीको नामकरण अर्कै गरियो । ठेकेदार र सडक विभागले नदीका नाम बिगारेर मडहा, बेलगाछी र सोनी बनाएको उनी दुःखेसो पोख्छन् । ‘बर्दिबास नगर नेतृत्वले यी नदीहरूको शिवालयसँग अनुन्यास्रित सम्बन्ध रहेको हुँदा पहिलेकै नाउँ कायम गर्नुपर्छ’, महतो भन्छन्। टुटेश्वरनाथ मन्दिरसँगै यहाँ बसाहा बाबा मन्दिर, लक्ष्मी मन्दिर, पार्वती मन्दिर, रामजानकी मन्दिर, हनुमान मन्दिर, विवाह मण्डप, राजदेवी मन्दिर, माण्डबी गंगा मन्दिर लगायत दर्जन बढी मन्दिरहरू पनि छन् । भगवान्कै सम्पत्तिमा भ्रष्टाचार : मन्दिरको सम्पत्ति लिएर कति मान्छे मोटाएका छन्। तर मन्दिरले भने मुहार फेर्न सकेको छैन ।

मन्दिर व्यवस्थापन समितिका पूर्वअध्यक्ष हरिबहादुर महतले ९ लाख रुपैयाँ गोलमाल पारेर फरार रहेको मन्दिर व्यवस्थापन समितिका सचिव मोतिलाल गौतमका बताउँछन्। मन्दिरको आम्दानी उठाउन समितिले ७ महिनाअघि बर्दिबास नगरपालिकामा उजुरी दिएको थियो। नगरपालिकाले त्यो उजुरी जिल्ला प्रशासन कार्यालय जलेश्वरमा पठायो। सिडिओ शिवराम गेलाल भन्छन्, ‘उजुरीमाथि छानबिन हुँदैछ ।’ विकासको मुख ताक्दै भगवान् ! भगवान्का लागि भक्तजन र तिर्थालुका लागि देवता यी दुवै बिना धार्मिक क्षेत्रको कल्पना गर्न सकिँदैन ।

साभार : अन्नपूर्णा ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेश्रो पटक प्रकाशित मिति : २०८३।०३।२१

कम्पनीको मिति २०८३/०२/२६ मा सम्पन्न विशेष/बार्षिक साधारण सभाको निणर्य बमोजिम कम्पनीको साविक नाम (**भेषभूषा टेक्नोलोजीज प्रा. लि.२७३७५३/०७८/०७९**) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम (**वन एग्रो टेक प्रा. लि.२७३७५३/०७८/०७९**) को कम्पनीले सकार्ने व्यहोर्ने र नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी मिति २०८३/०३/१० को निर्णयानुसार **वन एग्रो टेक** प्रा.लि. कायम गरिएको छ ।



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम

प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७

Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday